# भगवतीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ,दैलेख
६ नं. प्रदेश, नेपाल

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
**(प्रथम पटक प्रकाशित मिति : २०७५।०२।१४)**

यस भगवतिमाई गाउँपालिकाको आ व २०७४।७५ को स्विकृत वार्षिक कार्यक्रम अनुसार औषधी **खरिद** गर्नुपर्ने भएकोले यसै दरभाउपत्र साथ संलग्न परिमान, दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशीफिकेशन, विश्व स्वास्थ्य संगठनवाट सिफारीस भएका कम्पनी,कम्तीमा एक वर्ष म्याद भएको,सिलवन्दी फारमको कैफियतमा कम्पनीको नाम उल्लेख गरी औषधी सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका र यस कार्यालयको सुचिमा रहेका फर्म वा सप्लायरवाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरु :**

१. दरभाउ पत्र फारम साथ जमानत वापतको रकम यस कार्यालयको नाममा रा. वा. वैंक दैलेखमा रहेको धरौटी खाता नं ४०१०३०३००७१०३ मा दाखिला गरेको सक्कल भौचर वा यस गाउँपालिकाको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी रहेको कम्तिमा ७५ दिन म्याद भएको (दरभाउ पत्र बुझाउने अन्तिम मिति देखी ) नेपाल सरकारको मान्यता प्राप्त वैकं वाट जारी भएको विडवण्ड सहित लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणिपत्र पत्रको प्रतिलिपी साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौ दिन (सो दिन सार्वजनिक विदा परेमा त्यसको भोली पल्ट वा लगत्तै कार्यालय खोलेको दिन) को कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालय, वेस्तडा दैलेख वाट खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौं) दिनको दिउसो **१२:००** बजे (सो दिन सार्वजनिक विदा परेमा त्यसको भोली पल्ट वा लगत्तै कार्यालय खोलेको दिनको दिउसो **१२:००** बजे) भित्र यस गाउपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ । साथै दरभाउ पत्र खरिद गरेको सक्कलै रसिद सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्वन्धित औषधी सप्लाई सम्वन्धी दरभाउपत्र भन्ने व्योहोरा लेख्नुपर्नेछ ।

३. सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौं) दिनको दिउसो १२.०० बजे (सो दिन सार्वजनिक विदा परेमा त्यसको भोली पल्ट लगत्तै कार्यालय खोलेको दिनको दिउसो **१२:००** बजे) भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी सुचना प्रकाशन भएको १६ औं (सोह्रौं) दिनमा यस गाँउपालिकाको कार्यालय वेस्तडा, दैलेखमा दिउसो २:०० बजे यस गाउपालिकाका प्रतिनिधिहरु, सम्वन्धित कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न वाधा पुग्ने छैन ।

५. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

६. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

७. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. अन्य शर्तहरु नेपाल सरकारको सर्वजनिक खरिद ऐन २०६४ तथा नियम २०६५ बमोजिम हुनेछ । थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ ।

१०. दरभाउ पत्र सम्वन्धि सुचना संशोधन भएमा यस कार्यालयको website वा सुचना पाटीमा टास गरिने छ ।

११. दरभाउ सम्वन्धि थप जानकारी गाउँपालिकाको website WWW.bhagawatimaimun.gov.np E-mail rmp.bhagawatimai@gmail.com , फोन नं. ०८९-६९०५०५/५०२ , सुचना पाटी मार्फत लिन सकिने छ ।

| सिलवन्दी दरभाउ नं. | सामान /उपकरणको नाम | आवश्यक संख्या | सिलवन्दी फारम दस्तुर रु | जमानत रकम रु |
|---|---|---|---|---|
| ०३, २०७४/०७५ | औषधी खरिद( सिलवन्दी दरभाउपत्र फारममा संलग्न स्पेसिफिकेसन बमोजिम | | १०००/- | २५०००।- |

**खरिद इकाई**

Scanned by CamScanner